# भाग ५

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल राज्यभित्रका निजी खेत, खला, बारीमा आउने जङ्गली रातो बाँदर (*Macaca mulatta)* लाई यो सूचना नेपाल राजपत्रमा प्रकाशन भएको मितिले एक वर्ष सम्मको लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरी त्यस्ता जङ्गली रातो बाँदरले निजी खेत, खला, बारीमा आई क्षति पुऱ्याउने अवस्था भएमा त्यस्तो खेत, खला, बारीका धनीले देहायको सर्तको अधीनमा रही बिना अनुज्ञापत्र धपाउन, लखेट्न, पक्रन सक्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

<u>सर्तहरु</u> :-

(क) जङ्गली रातो बाँदरले किसानको खेतबारीमा आई बालीनाली वा धनजनको हानी नोक्सानी पुऱ्याएमा किसान एक्लै वा सामूहिक रुपमा त्यस्तो बाँदरलाई धपाउन, लखेट्न वा पक्रन सक्ने,

(ख) खण्ड (क) बमोजिम जङ्गली रातो बाँदरलाई पक्रिएमा सो बाँदर सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन कार्यालय वा



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्ता कार्यालयको मातहतको नजिकको कार्यालयमा बुझाउनु पर्ने र सोको सूचना सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा समेत दिनु पर्ने,

(ग) खण्ड (क) बमोजिम जङ्गली रातो बाँदरलाई धपाउने, लखेट्ने वा पक्रने क्रममा त्यस्तो बाँदरको मृत्यु भएमा त्यस्तो बाँदरलाई सम्बन्धित वडाका एकजना प्रतिनिधि सहित कम्तीमा पाँचजना स्थानीय व्यक्तिको रोहवरमा मुचुल्का खडा गरी गाड्नु पर्ने र सोको जानकारी सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन कार्यालय वा त्यस्ता कार्यालयको मातहतको नजिकको कार्यालय र स्थानीय तहको वडा कार्यालयमा दिनु पर्ने,

(घ) खण्ड (ग) बमोजिम जङ्गली रातो बाँदर मारिएकोमा राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन कार्यालयले सोको विवरण प्रत्येक दुई महिनामा नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा सम्बन्धित प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र प्रदेश वन निर्देशनालयमा दिनु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र वा राष्ट्रिय वन क्षेत्रमा जङ्गली रातो बाँदरलाई धपाउन, लखेट्न, पक्रन नपाइने ।

**आज्ञाले,**
**डा. गोविन्द प्रसाद शर्मा**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।